

# बजार अवलोकन २०

## पौष २०६६

निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास
नेपाल उद्योग वाणिज्य महासंघ –कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## प्रमूख बुँदाहरु

- ***नेपालमा उच्च खाद्यान्न मूल्य उल्लेख्य चासोको विषय रहेको छ। नेपाल राष्ट बैंक द्वारा उपलब्ध गराईएको पछिल्लो तथ्याङ्क अनुसार खाद्य पदार्थको वार्षिक मूल्य वृद्धि १६ प्रतिशत भन्दा बढी पाईएको छ।***
- ***हालसालै बाली भित्राईएको भएता पनि चामलको उच्च मूल्य कायमै रहेको वा अझ बढेको पाइएको छ। गत वर्ष यहि समयको तुलनामा अहिले तराईका प्राय बजारहरुमा चामलको मूल्य १० देखि ४० प्रतिशतले बृद्धि भएको छ।***
- ***राष्ट्रभित्र र भारतका प्राय भागहरुमा खस्केको वर्षे बाली कटानी नेपाल भित्र चामलको मूल्य बढ्नुको प्रमूख कारण हो। यद्यपी, भारतमा भने पहिले अनुमान गरे जत्तिको ह्रास नआएको र अतिरीक्त वर्षे बाली पनि उत्पादन भएको छ। पौषको अन्त तिर कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रमले संयुक्त रुपमा नेपालमा भएको धान बालीको ह्रास बारेमा अनुमान यकिन गर्दैछन्।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

• वर्षे बालीको बढ्दो आपूर्तिका कारण नेपालभर अन्नको मूल्य गत महिना स्थिर रहयो। हालैको बाली कटानीको बावजुद चामलको उच्च मूल्य उस्तै रहेको वा बढेको पाईयो । गत वर्ष यहि समयको तुलनामा अहिले तराईका प्राय बजारहरुमा मोटा चामलको मूल्य १० देखि ४० प्रतिशतले बढेको छ।

• राष्ट्रिय स्तरमा खाद्यन्न मूल्यको बृद्धि मुख्य चासोको विषय रहेको छ। १ वर्ष अघिको तुलनामा मासको दालको मूल्य ३७ प्रतिशतले, गहुँको पिठोको मूल्य १८ प्रतिशतले, मुसुरोको मूल्य २७ प्रतिशतले र मोटा चामलको मूल्य ११ प्रतिशतले बृद्धि भएको छ। गत १ वर्षको अवधिमा केवल खाने तेल मात्र उल्लेख्य रुपमा मूल्य बृद्धि नभएको बस्तु हो।

• देशका धेरै भागहरुमा तरकारी र फलफुलको मौसमी रुपमा बढेको आपूर्तिका कारण उल्लेख्य रुपमा मूल्य घट्न गएको छ । उदाहरणकालागि, गत एक महिनाको अवधिमा कालिमाटी फलफुल तथा तरकारी थोक बजारमा गोलभेडा, प्याज, गाँजर र काउली जस्ता तरकारीहरुको मूल्यमा २५ प्रतिशतले कमि आएको अनुभव गरीएको छ।

• २०६६ श्रावण महिनादेखि दालको निर्यातमा लगाइएको प्रतिबन्ध सरकारले हालै आएर हटाएको छ। अब व्यापारीहरुलाई बढीमा १५,००० टन सम्म दाल निर्यात गर्न अनुमति दिईएको छ । निर्यातमा प्रतिबन्ध लगाइएको अवधिमा दालहरुको मूल्य स्थिर रहेको पाईएको थियो तर यो प्रतिबन्धको प्रत्यक्ष प्रतिफल हो कि भन्ने कुरा भने स्पष्ट छैन।

• डिजेल र मट्टीतेलको मूल्यमा प्रति लिटर ३ रुपैयाका दरले बृद्धि भएको छ। यसको मूल्य अब प्रति लिटर ५८ रुपैया कायम भएको छ।

### आपूर्ति

• यस अवधिमा नेपाल भर सर्वेक्षण गरिएका मध्ये ९० प्रतिशत बजारहरुमा आपूर्तिको अवस्था स्थिर रहेको वा सुधार भएको पाईयो । वर्षातमा बिग्रीएका यातायात मार्ग (विषेशत मध्य र सुदुर पश्चिमका पहाडी र हिमाली भेगहरुमा) पुन सुचारु हुनाका साथै कटानी भईरहेको वर्षे बाली चामल (र केहि हद सम्म मकै र कोदो) ले बजारको संचिति पुन बढ्न जानाले यसो भएको हो।

• यद्यपि बाजुरा, दैलेख, डोल्पा, मुगु र हुम्ला लगायतका पहाडी र हिमाली बजारहरुमा भने आपूर्तिमा समस्या आईरहेको पाईएको छ। खास गरेर बाजुराको कोल्टि क्षेत्रले गम्भिर खाद्य अभाव सामना गर्नु परेको छ र स्थानीय बजारमा नेपाल खाद्य संस्थानद्वारा आपूर्ति गरिएको खाद्यान्न मात्र छ । विशेषत वर्षाका कारण यातायात अवरुद्ध भई लामो समय सम्म खाद्यान्नको ढुवानी बन्द हुनाले र त्यस क्षेत्रमा खाद्यान्न ढुवानी गर्ने गधा र खच्चरहरु ठूलो संख्यामा महामारीबाट प्रभावित हुनाले यसो भएको हो भने यो अवधि सम्म पनि कर्णाली राजमार्ग पूर्ण रुपमा सुचारु भएको पाईएन।

• गत १ महिनाको अवधिमा विश्व खाद्य कार्यक्रमले सर्वेक्षण गरेको प्राय हरेक बजारमा बन्दले समस्या पैदा गरेको पाईयो। लगभग ७० प्रतिशत बजारहरु १ महिनामा कम्तिमा एक दिन बन्द भए। कैलाली र कञ्चनपुरका बजारहरु गत महिनामा ५ दिन बन्द रहे, उदयपुरको मुख्य बजार ४ दिनकालागि बन्द गरियो र सप्तरी, सिरहा, दैलेख, मुगु र डोटीका बजारहरु गत महिनामा ३ दिन बन्द रहे। मेचीको पुर्वी हिमाली तथा पहाडी बजारहरुमा पनि उल्लेख्य रुपमा आपूर्तिका समस्याहरु देखा परे।

## बजारको पुर्वानुमान

आउदो महिनाहरुमा मुख्य खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने अनुमान गरिएको छ। आगामी चैत्र/वैशाखमा हुने बाली कटानी सम्म गहुँको मूल्यमा अझै बद्धि हुदै जाने सम्भावना छ । हालैको बाली कटानीका कारण गत महिनामा चामलको मूल्य स्थिर रहेता पनि आउदो महिनाहरुमा भने यसको मूल्य बढ्ने सम्भावना छ र मूल्य बढ्ने क्रम २०६७ सालको मंसिर महिनामा हुने मुख्य बाली नभित्राए सम्म जारी रहने अनुमान छ।

### उल्लेख्य मूल्य परिवर्तन (गत महिना)

| मूख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन | | | |
|---|---|---|---|
| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
| | काठमाडौं | | |
| **तरकारीहरु** | २८ | | |
| गोलभेडा | ३७ | २०-२५% | सुधारीएको मौसमी |
| काउली | २२ | सस्तो | आपूर्ति। |

### १२ महिनाको औसत मल्य *




### %मूल्यमा परिवर्तन (१ महिना/१ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP)
गुगल ग्रुप http://groups.google.com/group/NeKSAP?hl=er मा हेर्न सक्नुहुनेछ ।

† मूल्यहरु पौष महिनाको मूल्य संग सम्बन्धित छ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो। तर सडक नपुगेको हिमाली तथा पहाडी बजारहरु समावेश छैनन्।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-२० *विभिन्न बजारहरुमा प्रमुख खाद्य बस्तुहरुको खुद्रा मूल्य*

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजी नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* | | | औसत मासिक परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ महिना | ३ महिना | १ वर्ष | १म | ३म | १वर्ष |
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटो चामल | ४०.० | ०.० | २.६ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २७.० | ३.८ | ३.८ | ३.८ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ८७.० | ०.० | -३.३ | -२६.० | ▶ | ▶ | ▼ |
| | कुखुराको मासु | २५०.० | ३१.६ | -२.० | २६.६ | ▲ | ▶ | ▲ |
| | तोरीको तेल | १०७.० | ०.० | ०.० | -१६.७ | ▶ | ▶ | ▼ |
| | मास | १२७.० | ८.५ | २१.० | ४७.७ | ▲ | ▲ | ▲ |
| | मूसूरो | १०५.० | -७.१ | -१.९ | १.९ | ▼ | ▶ | ▶ |
| | रातो आलु | ४४.० | १०.० | १०.० | १२५.६ | ▲ | ▶ | ▲ |
| पोखरा | मोटो चामल | ३५.० | ०.० | -२.८ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | ६.३ | ९.७ | २१.४ | ▲ | ▶ | ▲ |
| | भटमासकोतेल | १००.० | ११.१ | -१६.७ | -१४.९ | ▲ | ▼ | ▶ |
| | कुखुराको मासु | २४०.० | -४.० | -२७.३ | २.१ | ▶ | ▼ | ▶ |
| | तोरीको तेल | १४०.० | ०.० | -६.७ | -१.८ | ▶ | ▶ | ▶ |
| | मास | १३०.० | ६.६ | ३०.० | ६२.५ | ▲ | ▲ | ▲ |
| | मूसूरो | ११२.० | ०.० | -६.७ | १३.१ | ▶ | ▶ | ▶ |
| | रातो आलु | ४५.० | -२.२ | १२.५ | ११४ | ▶ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटो चामल | २०.० | ०.० | ०.० | १०.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | २४.६ | -१.६ | २.५ | -१४.९ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९०.० | -१०.० | -५.३ | -२३.४ | ▼ | ▶ | ▼ |
| | कुखुराको मासु | १९५.० | -२५.० | -२५.० | ०.० | ▼ | ▼ | ▶ |
| | तोरीको तेल | १२८.० | -१.५ | -१.५ | -१.५ | ▶ | ▶ | ▶ |
| | मास | ९५.० | ०.० | १८.८ | ३०.१ | ▶ | ▲ | ▲ |
| | मूसूरो | १००.० | ०.० | ५.३ | ९.३ | ▶ | ▶ | ▶ |
| | रातो आलु | ३६.० | -१०.० | १०.८ | ७१.४ | ▼ | ▲ | ▲ |
| बिरगंज | मोटो चामल | २८.० | ०.० | १.४ | -४.४ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २४.० | ०.० | ४.३ | ०.८ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | १०४.० | ०.० | १४.५ | -१८.५ | ▶ | ▲ | ▼ |
| | कुखुराको मासु | २५०.० | १३.६ | १३.६ | ३८.९ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | ११५.० | ०.० | ४.५ | -१२.९ | ▶ | ▶ | ▶ |
| | मास | ८१.३ | ०.० | १.६ | ११.१ | ▶ | ▶ | ▶ |
| | मूसूरो | १००.० | ०.० | -३.८ | ६.८ | ▶ | ▶ | ▶ |
| | रातो आलु | ३४.० | ०.० | २१.४ | ११९ | ▶ | ▲ | ▲ |
| नेपालगंज | मोटो चामल | २८.० | ३.७ | ७.७ | ४०.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | २५.० | ०.० | ४.२ | १२.८ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९०.० | ०.० | -१८.२ | -१८.२ | ▶ | ▼ | ▼ |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | १०८.० | ०.० | -२०.० | -१६.९ | ▶ | ▼ | ▼ |
| | मास | १०२.० | ०.० | २१.४ | ७८.९ | ▶ | ▲ | ▲ |
| | मूसूरो | १००.० | ०.० | -१६.७ | ९.३ | ▶ | ▼ | ▶ |
| | रातो आलु | ३०.० | ०.० | २०.० | ७९.१ | ▶ | ▲ | ▲ |
| धनगढी | मोटो चामल | २७.१ | ०.० | ४.२ | २०.४ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | २६.० | १३.० | ४.० | १२.१ | ▲ | ▶ | ▶ |
| | भटमासकोतेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | ३००.० | २५.० | २५.० | ५०.० | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १२०.० | ०.० | ०.० | -१३.७ | ▶ | ▶ | ▶ |
| | मास | १२६.० | ०.८ | २६.० | ६८.० | ▶ | ▲ | ▲ |
| | मूसूरो | १००.० | -९.१ | ०.० | ११.१ | ▼ | ▶ | ▶ |
| | रातो आलु | २५.० | ०.० | -३७.५ | ४.७ | ▶ | ▼ | ▶ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५% सम्म , ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिन्छ ।

* अन्य कुनै खाद्यन्नको बिकल्प नभएकाले, दिईएको मूल्य नेपाल खाद्य संस्थानद्वारा उपलब्ध गराईएको चामलको मूल्य हो ।

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* | | | औसत मासिक परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ महिना | ३ महिना | १ वर्ष | १म | ३म | १वर्ष |
| भैरहवा | मोटो चामल | २६.० | ०.० | ०.० | १०. | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ६२५.० | -७.४ | -१६.७ | ४.२ | ▼ | ▼ | ▶ |
| | भटमासकोतेल | ९०.० | ०.० | -४.३ | -२१.७ | ▶ | ▶ | ▼ |
| | कुखुराको मासु | २८०.० | ५५.६ | २४.४ | ६४.६ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १५०.० | ०.० | १८.१ | ०.८ | ▶ | ▲ | ▶ |
| | मास | १००.० | ०.० | -४.८ | ५३.८ | ▶ | ▶ | ▲ |
| | मूसूरो | १२५.० | ०.० | १९.० | ३१.६ | ▶ | ▲ | ▲ |
| | रातो आलु | ३५.० | ०.० | ३४.६ | ३२.४ | ▶ | ▲ | ▲ |
| **सडकको पहुंच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटो चामल | २६.० | ०.० | ०.० | ८.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २९.० | -३.३ | -३.३ | ९.४ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | १००.० | ०.० | -९.१ | -२३.१ | ▶ | ▶ | ▼ |
| | कुखुराको मासु | २१३.० | -३३.४ | -३३.० | -१४.८ | ▼ | ▼ | ▶ |
| | मास | १००.० | ०.० | ५.३ | २१.२ | ▶ | ▶ | ▲ |
| | मूसूरो | ११०.० | ०.० | ०.० | १०.० | ▶ | ▶ | ▶ |
| | रातो आलु | ४०.० | -११.१ | १४.३ | १० | ▼ | ▲ | ▲ |
| रोल्पा | मोटो चामल | ३५.० | ०.० | ०.० | ३४.६ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४५.० | ०.० | २८.६ | ५१.९ | ▶ | ▲ | ▲ |
| | भटमासकोतेल | १२०.० | -११.१ | -७.७ | -१०.४ | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | २२०.० | -१५.४ | -१२.० | ८.६ | ▼ | ▼ | ▶ |
| | मास | १२०.० | २०.० | २०.० | ५०.० | ▲ | ▲ | ▲ |
| | मूसूरो | १२०.० | ३३.३ | ४.३ | ३३.३ | ▲ | ▶ | ▲ |
| | रातो आलु | ४०.० | १४.३ | ४२.९ | ७५.८ | ▲ | ▲ | ▲ |
| सांफेबगर | मोटो चामल | ३०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३०.० | ०.० | -४२.३ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासकोतेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | १२०.० | ०.० | २०.० | ५०.० | ▶ | ▲ | ▲ |
| | मूसूरो | १२०.० | ०.० | २०.० | ५०.० | ▶ | ▲ | ▲ |
| | रातो आलु | ५०.० | ०.० | २५.० | ०.० | ▶ | ▲ | ▶ |
| जुम्ला | मोटो चामल | ६५.० | -१८.८ | ४४.४ | ४४.४ | ▼ | ▲ | ▲ |
| | गहुँको पिठो | ९०.० | ०.० | ५०.० | १०० | ▶ | ▲ | ▲ |
| | भटमासकोतेल | १६०.० | ०.० | ०.० | ६.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | ९०.० | ०.० | -१८.२ | २८.६ | ▶ | ▼ | ▲ |
| | मूसूरो | १२०.० | ०.० | ०.० | ५०.० | ▶ | ▶ | ▲ |
| | रातो आलु | २५.० | ०.० | २५.० | २५.० | ▶ | ▲ | ▲ |
| **सडकको पहुंच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटो चामल * | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासकोतेल | ३०.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सिमी | ७०.० | ४०.० | ०.० | ५५.६ | ▲ | ▶ | ▲ |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | रातो आलु | - | - | - | - | - | - | - |
| डोल्पा | मोटो चामल | ९०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | १०५.० | ०.० | ५.० | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासकोतेल | २००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सिमी | १२५.० | ०.० | ४.२ | १३.६ | ▶ | ▶ | ▶ |
| | मास | १७०.० | ०.० | ०.० | १३.३ | ▶ | ▶ | ▶ |
| | मूसूरो | २००.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | रातो आलु | ४०.० | ०.० | -२०.० | ६०.० | ▶ | ▼ | ▲ |
| बाजुरा | मोटो चामल | ५०.० | ११.१ | ११.१ | ४२.९ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | ४६.० | ९.५ | २.२ | ९.५ | ▲ | ▶ | ▶ |
| | सिमी | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मूसूरो | १३०.० | - | १८.२ | १८.२ | - | ▲ | ▲ |
| | रातो आलु | ३०.० | ५०.० | ५०.० | ०.० | ▲ | ▲ | ▶ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) गुगल ग्रुप http://groups.google.com/group/NeKSAP?hl=er मा हेर्न सक्नुहुनेछ ।

यो बजार अवलोकन विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा तयार पारीएको हो । यो मूल्य तथा बजारको बिकास क्रम बारेमा समयानुकुल सूचना र पूर्व जानकारी प्रदान गर्नकोलागि गरीएको पहल हो ।खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु (www.un.org.np) अथवा www.wfp.org/odan मा पनि उपलब्ध छन् । अन्य जानकारीकोलागि सम्पर्क : खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई, विश्व खाद्य कार्यक्रम, पाटन ढोका, ललितपुर, पो. ब. १०७, टेलिफोन : ५५४२६०७ –२४२–५

यो परियोजना युरोपियन युनियनको सहयोगमा संचालित छ ।
यस प्रकाशनमा प्रकाशित विचारहरुले युरोपियन कमिसनको विचारहरु प्रतिबिम्बित गर्छन् भन्ने कुनै जरुरी छैन ।